आज मिति २०८१ साल मंसिर २१ गते शुक्रबारका दिन बिहान ९:०० वजे त्रिवेणी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष श्री खिम बहादुर रावत ज्यूको अध्यक्षतामा तथा तपसिलको उपस्थितिमा बसी देहाय वमोजिमका निर्णय गरियो ।

## उपस्थिति

| क्र.स. | नाम,थर | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री खिम बहादुर रावत | अध्यक्ष | |
| २ | श्री सिता खडका पुन | उपाध्यक्ष | |
| ३ | श्री दल बहादुर बस्नेत | वडा अध्यक्ष - वडा नं.१ | |
| ४ | श्री हस्त बहादुर रामजा | वडा अध्यक्ष - वडा नं. २ | |
| ५ | श्री कण्दिव डाँगी | वडा अध्यक्ष - वडा नं.३ | |
| ६ | श्री छविराज शर्मा | वडा अध्यक्ष - वडा नं.४ | |
| ७ | श्री बिमल रावत | वडा अध्यक्ष - वडा नं. ५ | |
| ८ | श्री मनोज शाह | वडा अध्यक्ष - वडा नं. ६ | |
| ९ | श्री अमृता बि.क. | कार्यपालिका सदस्य | अमृता |
| १० | श्री पार्वती वि.क. दर्लामे | कार्यपालिका सदस्य | |
| ११ | श्री रत्न कुमारी वोहरा | कार्यपालिका सदस्य | |
| १२ | श्री तुलसी रावत | कार्यपालिका सदस्य | |
| १३ | श्री तुलाराम सुनार | कार्यपालिका सदस्य | तुलाराम |
| १४ | श्री हिरालाल परियार | कार्यपालिका सदस्य | हिरालाल |
| १५ | श्री खुम बहादुर के सी | सचिव | |

**आमन्त्रित**

श्री तिलक रावल

श्री सन्तोष सापकोटा

श्री आप्रा प्रि- बवाल

अधिकृत छैठौं

लेखापाल

योजना शाखा प्रमुख

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
एकाम, सल्यान
कर्णाली प्रदेश, नेपाल

मिति २०८१/०८/२१ गतेको कार्यपालिकाको १५४ औं बैठकमा पेस भएका प्रस्तावहरु

| क्र.स. | प्रस्ताव | निर्णयको संक्षिप्त व्यहोरा | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि(२०७९) संशोधन सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको उपभोक्ता समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि(२०७९) मा उपभोक्ताले गर्ने श्रमदानको दफा थप गरी संशोधन गर्ने। | |
| २ | स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि २०८१ सम्बन्धमा । | त्रिवेणी गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि २०८१ पारित गर्ने । | |
| ३ | सडक वोर्डको कार्यक्रम पेश गर्नको लागि योजना छनौट गरी सहभागिता कायम गर्ने सम्बन्धमा । | आ.व. २०८१/०८२ का लागि सडक वोर्ड तर्फबाट स्वीकृत बजेट रु १५ लाख तथा स्थानीय तहले २० प्रतिशत लागत सहभागितामा सहकार्य गरी योजना छनौट तथा स्वीकृत गरी सहमतिका लागि सडक वोर्ड नेपालमा पेश गर्ने । | |
| ४ | स्वास्थ्य तर्फ अ.हे.व पदको विज्ञापन सम्बन्धमा । | स्वास्थ्य तर्फ सर्शत अनुदान कार्यक्रम अन्तर्गत विनियोजित बजेटबाट तलब भत्ता व्यहोर्ने गरी हाल काभ्रा स्वास्थ्य चौकीमा तथा पछि आवश्यक्ता अनुसार कामकाज लगाउने गरी अ.हे.व पदको लागि विज्ञापन गर्ने । | |
| ५ | प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गतका योजना छनौट तथा कार्यान्वयन सम्बन्धमा । | आ.व. २०८१/०८२ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सिचाई कुलोहरुमा लागत साझेदारी गर्ने भनी बजेट पुस्तिकामा उल्लेख गरिएता पनि त्यी विभिन्न सिचाई कुलोहरुमा उपभोक्ताहरुको पनि सहभागिता हुने, पुर्ण रुपमा प्रधानमन्त्री रोजगार कार्यक्रममा छनोट भएका लाभग्राहीबाट कार्यक्रम सञ्चालन गर्नको लागि लाभग्राहीहरुलाई पाएक पर्ने स्थानमा योजना नहुने अवस्था रहेकोले सिंचाई कुलोमा प्रधानमन्त्री रोजगार कार्यक्रम सँग लागत साझेदारी नगरी अन्य नयाँ योजनाहरु छनोट गरी कार्यक्रम सञ्चालन गर्ने । | |
| ६ | भु-उपयोग योजना तथा जग्गा वर्गिकरण नक्सा एवं कित्तागत विवरण । | नापी कार्यालय सल्यानको प.स. ०८१/८२ च.नं. ३९ मिति २०८१/०७/२५ गतेको प्राप्त पत्रानुसार भु उपयोग योजना तथा जग्गा वर्गिकरण नक्सा एवं कित्तागत विवरण तयार गरी उपलब्ध नगराएसम्म त्रिवेणी गाउँपालिका अन्तर्गतका विभिन्न जग्गाको कित्ताकाट प्रक्रिया रोकिएको हुँदा उक्त योजना निर्माण गर्नको भु उपयोग सम्वन्धी विज्ञता आवश्यक पर्ने भएकोले भु-उपयोग योजना तथा जग्गा वर्गिकरण नक्सा एवं कित्तागत विवरण निर्माण गर्नको लागि परामर्श दात्री संस्थाबाट काम गराउनको लागि पुजीगत परामर्श शिर्षकबाट रु.१० लाख छुट्याई कार्य गर्ने। | |

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
लुहाम सल्यान
कर्णाली प्रदेश, सल्यान

<u>निर्णयहरु</u>

**निर्णय नं. १** - प्रस्ताव नं. १ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको उपभोक्ता समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि(२०७९) मा उपभोक्ताले गर्ने श्रमदानको व्यवस्था परिच्छेद ३ को दफा १४ मा थप गरी तपशिल बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

तपशिल

१. परिच्छेद - ३ मा दफा १४ थप गर्ने : १.उपभोक्ता समितिले स्थानीय तहका विभिन्न आयोजनाहरुमा देहाए वमोजिम श्रमदान गर्नुपर्ने ।

क) सडक संरचना निर्माणमा - १० प्रतिशत
ख) सिचाई कुलो निर्माण - १५ प्रतिशत
ग) भवन निर्माणमा - १० प्रतिशत
घ) खानेपानी संरचना निर्माणमा -१५ प्रतिशत
ङ) अन्य संरचना निर्माणमा -१० प्रतिशत

**निर्णय नं. २** - प्रस्ताव नं. २ माथि छलफल गर्दा, त्रिवेणी गाउँपालिकाको स्वास्थ्य बीमा कार्यक्रम कार्यविधि २०८१ को मस्यौदा माथी छलफल गरी पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३** - प्रस्ताव नं. ३ माथि छलफल गर्दा, आ.व. २०८१/०८२ का लागि सडक वोर्ड तर्फवाट स्वीकृत बजेट रु १५ लाख तथा स्थानीय तहले २० प्रतिशत लागत सहभागितामा सहकार्य गरी तपशिल वमोजिमको योजना छनौट तथा स्वीकृत गरी सहमतिका लागि सडक वोर्ड नेपालमा पेश गर्ने निर्णय गरियो

तपशिल

१.लुहाम बाहुनीमुल ढोरचौर सडकखण्ड मर्मत आयोजना त्रिवेणी गाउँपालिका वडा नं. ५ सल्यान ।

**निर्णय नं. ४** - प्रस्ताव नं. ४ माथि छलफल गर्दा, स्वास्थ्य तर्फ सर्शत अनुदान कार्यक्रम अन्तर्गत विनियोजित बजेटवाट तलव भत्ता व्यहोर्ने गरी हाल काभ्रा स्वास्थ्य चौकीमा तथा पछि आवश्यक्ता अनुसार कामकाज लगाउने गरी अ.हे.व पदको लागि विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५** - प्रस्ताव नं. ५ माथि छलफल गर्दा, आ.ब. २०८१/०८२ मा स्वीकृत बजेट तथा कार्यक्रम अन्तर्गत सिचाई कुलोहरुमा लागत साझेदारी गर्ने भनी बजेट पुस्तिकामा उल्लेख गरिएता पनि त्यी विभिन्न सिचाई कुलोहरुमा उपभोक्ताहरुको पनि सहभागिता हुने, पुर्ण रुपमा प्रधानमन्त्री

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत
२०८१/०८/२९

CamScanner

रोजगार कार्यक्रममा छनोट भएका लाभग्राहीबाट कार्यक्रम सञ्चालन गर्नको लागि लाभग्राहीहरुलाई पाएक पर्ने स्थानमा योजना नहुने अवस्था रहेकोले सिंचाई कुलोमा प्रधानमन्त्री रोजगार कार्यक्रम सँग लागत साझेदारी नगरी अन्य नयाँ आयोजनाहरु छनोट गरी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो।

निर्णय नं. ६ - प्रस्ताव नं. ६ माथि छलफल गर्दा, नापी कार्यालय सल्यानको प.स. ०८१/८२ च.नं. ३९ मिति २०८१/०७/२५ गतेको प्राप्त पत्रानुसार भु उपयोग योजना तथा जग्गा वर्गिकरण नक्सा एवं कित्तागत विवरण तयार गरी उपलब्ध नगराएसम्म त्रिवेणी गाउँपालिका अन्तर्गतका विभिन्न जग्गाको कित्ताकाट प्रक्रिया रोकिएको हुँदा उक्त योजना निर्माण गर्नको भु उपयोग सम्वन्धी विज्ञता आवश्यक पर्ने भएकोले भु-उपयोग योजना तथा जग्गा वर्गिकरण नक्सा एवं कित्तागत विवरण निर्माण गर्नको लागि परामर्श दात्री संस्थाबाट काम गराउनको लागि पुजीगत परामर्श शिर्षकबाट रु.१० लाख छुट्याई कार्य गर्ने।

खुम बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत